# त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्यानटार, धादिङ ।

# बजेट वक्तव्य
## आ.व २०७९|०८०

**प्रस्तुतकर्ता**
**देवराज धरेल (उपाध्यक्ष)**

**मितिः२०७९|०३|१०**

त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानित एघारौँ गाउँसभाका आदरणिय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू,विशेष अतिथिज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एबं प्रतिनिधिज्यूहरु, कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ज्यू  वडा अध्यक्ष  लगायत सम्पूर्ण समान्नित सभाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु, सामाजिक संघ संस्थाका प्रमुख एबं प्रतिनिधिज्यूहरु, पत्रकार तथा सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी मित्रहरु तथा यस गरिमामय सभामा उपश्थित सम्पूर्ण महानुभावहरुमा आजको यो सम्मानित एघारौं  गाउँसभामा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

नेपाली जनताले पटकपटक गर्दै आएको त्याग,बलिदान र ऐतिहासिक जनयुद्ध र जनआन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्बभौमिकता ,भौगालिक अखण्डता, राष्ट्रियएकता, स्वधिनता र स्वभिमानलाई अक्षुण राखी जनताको सार्वभौमअधिकार स्वतन्त्रता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, बिकास र संवृद्धिको आकांक्षा पूरा गर्न संबिधान सभाबाट पारित नेपालको संबिधान२०७२ को पहिलो कार्यान्वयन स्वरुप सम्पन्न भई  दोस्रो पटकको स्थानीय तहको निर्बाचन २०७९  मार्फत नेपालको इतिहासमा स्वतन्त्रता, स्वायत्तता र सुशासनको अधिकारसहित स्थापित यस त्रिपुरासुन्दरी गाउँपालिकाको प्रांगणमा सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको अनुभूति हुने गरी एघारौं गाउँसभामा उपाध्यक्षको हैसियतले बजेट वक्तव्य पेश गर्न पाउँदा गौरवान्वित भएको छु |

सर्वप्रथम नेपाली जनताले नेपालको इतिहासमा राज्यको फरक फरक व्यवस्था परिवर्तनका लागि ०५२/०६२ को  जनयुद्द र ०६२/०६३ को जनआन्दोलन तथा अन्य पटक पटकका नागरिक आन्दोलनको उपलब्धि रक्षा गर्दै अहिलेसम्म स्थापित भएको लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा आफ्नf] जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै घाइते

,अपाङ्गता, वेपत्ता हुनुभएका योद्दाहरुमा सम्मान प्रकट गर्दै उहाँहरुको परिवारजनहरुका साथमा रहि काम गर्ने वाचा प्रकट गर्दछु ।त्यसै गरी २०७९|२|२६ को अविरल वर्षका कारण यसै गाउँपालिका –५ को पहिरोमा परी मृत्यु वरण गर्नु हुने स्व. नेत्र बहादुर खांडको मृत्यु प्रति दुख व्यक्त गर्दै भावपूर्ण श्रद्धन्जाली व्यक्त गर्दै परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछु | साथै विभिन्न रोग तथा महामारीका कारण विरामी भई उपचार गराइरहनु भएका नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु |

स्थानीय तहको निर्वाचन पश्चात स्थानिय सरकार विकास निर्माणमा प्रत्येक जनतासंग आफै संलग्न हुने वातावरण बनाइनेछ । यो समयलाई आर्थिक सामाजिक ,भौतिक रुपान्तरणको अवसरको रुपमा उपयोग र जनचाहाना पुरा गर्ने अवसरको रुपमा लिंदै आर्थिक विकास गर्नु हो । राजनीतिक प्रणाली प्रति जनताको भरोसा वढाउदै लोकतन्त्रको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहलाई वलियो वनाउनु र संस्थागत गर्नु लोकतन्त्रको वलियो पक्ष र अभ्यास हो ।

नेपालको संविधानले व्यवस्था गरे अनुसार तीन तहका सरकारहरु मध्ये जनताको आफ्नो घर आँगन र सडकमा जति वेला पनि देख्न वोल्न छुन र आफ्ना विविध समस्या, सुझाव र समाधानका उपायहरु वताउन सक्ने सरकार हो । यस्ता जनसेवामुलक तथा सम्पूर्ण विकास निर्माणको काममा हामी निरन्तर लागि रहेका छौं र लागि रहने छौ । यहाँसम्म आईपुग्दा निवर्तमान जनप्रतिनिधिज्यूहरुले विकास निर्माण कार्यहरुमा पुर्याउनु भएको योगदानको उच्च कदर र सम्मान प्रकट गर्दछु । पहिलो कार्यकालमा भएका नवीनतम कार्यहरुलाई यस कार्यकालमा पनि निरन्तरता दिईनेछु र सुधार गर्नुपर्ने पक्षलाई जहिले पनि आम त्रिपुरासुन्दरीवासी **cfb/0fLo** नागरिकहरुसँग सहकार्य गरी अघि बढ्ने वाचा व्यक्त गर्दछु । विकासका अवसरहरुलाई भरपुर सदुपयोग गर्दै चुनौती एबं आईपर्ने समस्याहरुलाई समाधान गरी चिर्दै जाने वाचा गर्दछु ।

*हामी जनप्रतिनिधिहरु शासक नभई जनताको सेवक हौँ* त्यसका लागि सेवा गर्नका लागि म लगायत सबै त्रिपुरासुन्दरी जनप्रतिनिधिहरुलाई सोहि अनुसार जनताको सेवामा तल्लिन हुन अनुरोध गर्दछु | साथै सम्पूर्ण त्रिपुरासुन्दरीबासी जनसमुदायलाई सकारात्मक राय सुझाव सहित विकासको काममा हातेमालो गर्नका निम्ति अनुरोध गर्दछु |

**सभाका सभाध्यक्ष महोदय,**

आगामी आ.व को आर्थिक बजेट तर्जुमा गर्दा मैले निम्नानुसारको दस्ताबेजलाई आधार बनाएको छु |

१) नेपालको संबिधान, २०७२

२) स्थानीय सरकार संचालन ऐन, २०७४

३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४) अन्तरसरकारी वित्त सरकारी वित्त व्यबस्थापन ऐन, २०७४
५) सङ्घीय तथा प्रदेश सरकारले जारी गरेको नीति तथा कानून र मापदण्डहरु
६) सङ्घीय सरकार ,प्रदेश सरकार तथा त्रिपुरासुन्दरी गाउँपालिकाको आवधिक योजना
७) त्रिपुरासुन्दरी गाउँपालिकाको आन्तरिक आय स्रोत साधन
८) विभिन्न राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु
९) संघ र प्रदेशले अवलम्बन गरेका आर्थिक नीतिहरु
१०) संघ र प्रदेश सरकारबाट प्राप्त वितिय हस्तान्तरणहरु
११) विभिन्न साझेदार संस्थासंग गरेको प्रतिबद्धता

ca म यस आ.व. २०७९।८०को वजेटको साथ सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताहरु लाई निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु ।

**<u>सोच :-</u> "शिक्षा ,स्वास्थ्य ,कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार ; समुन्नत त्रिपुरासुन्दरीको मूल आधार"** भन्ने मूल नारालाई आत्मसात गर्दै जनताको मौलिक हकहरुको सुनिस्चित गर्दै स्वास्थ्य, शिक्षा,व्यावसायिक कृषि तथा रोजगारीमा वृद्धि गर्दै आम नागरिकको आर्थिक जीवनस्तरमा वृद्धि गर्ने ।

**<u>लक्ष्य</u>** :–

गाउँपालिकाको समग्र विकासलाई दिगो विकाससंग सामन्जस्यता ल्याई सामाजिक न्याय सहित जनताको आय रोजगारी र जीवनस्तरमा वृद्धि गर्दै लगिने छ । गाउँपालिकाको वार्षिक वजेट तथा आवधिक योजना अनुसारको उक्त कार्यक्रमहरुले सामाजिक तथा वातावरणिय विकासमा योगदान पुर्याउदै उच्च नतिजा हासिल गरिने छ ।

**<u>उद्देश्य :-</u>**

क) मौलिक हकको रुपमा रहेको न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने |

ख) नेपालको संविधान, २०७२ र स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको जिम्मेवारी र कर्तव्य पूरा गर्ने ।

ग) शिक्षा स्वास्थ्य तथा सामाजिक कल्याणमा गाउँपालिकाको भूमिका बढाउने |

घ) जनस्वास्थ्यको दृष्टिले स्वास्थ्य पर्यावरणमैत्री भौतिक पूर्वाधार निर्माण गरी प्राकृतिक स्रोत र मानव स्रोतलाई उच्चतम प्रयोग गर्दै आम त्रिपुरासुन्दरीबासीको स्वास्थ्यमा गुणात्मक सुधार गरी विभिन्न रोग ,महामारीलाई नियन्त्रणको लागि उपलब्धिमुलक रुपबाट अगाडी **a9fOg]5** ।

ङ) कृषि, पशुपालन ,घरेलु एवं साना र मझौला उद्यम व्यावसायलाई वढावा दिइनेछ ।
च) भौतिक विकासलाई तिब्रता दिन ,गाउँपालिकास्तरीय गौरबका आयोजना ,समपुरक र बिशेष **sf]if dfk{mt** कार्यन्वयनमा बिशेष जोड दिई आर्थिक विकास गर्ने |
छ) बालमैत्री गाउँपालिका निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ |
ज) उत्पादनशील, रोजगार उन्मुख न्यायपूर्ण वितरणको माध्यमवाट आर्थिक वृद्धि हाँसिल गरी गरिवी र वेरोजगारी घटाउदै लगिने छ |
झ) राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी आयोजनाबाट प्रभावित ,जेष्ठ नागरिक, दलित, जनजाती, महिला, आदिवासी, शारीरिक अपाङ्गता भएका व्यक्तिहरु, पिछडा वर्ग सिमान्तकृत कुमाल , दरै एबं क्षेत्रगत विकासमा जोड दिदै समावेशी तथा दिगो विकास अवधारणालाई कार्यान्वयन गर्ने ।

**माथिका उद्देश्यहरु हाँसिल गर्न वजेटमा निम्नानुसारको कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।**

**<u>प्राथमिकताहरु :-</u>**

क) महिला,बालबालिका,जेष्ठ नागरिक ,अशक्त व्यक्तिहरुका लागि शसक्तिकरणको बिशेष कार्यक्रमहरुको सुनिश्चितता गरिनेछ |
ख) दिगो वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने |
ग) आधारभूत शिक्षा, स्वास्थ्य, खा.पा. तथा सरसफाईमा पहुँच वृद्धि गर्दै जाने ।
घ) कृषि घरेलु साना उद्यम व्यवसायी, पशुपालकलाई व्यवसायीकरण गरी आर्थिक विकासमा स्रोत र श्रमको उच्चतम प्रयोग गर्दै स्वरोजगार सिर्जना गरिनेछ ।
ङ) स्थानीय उत्पादन र उत्पादकत्वलाई वृद्धि गर्ने, प्रभावकारी सेवा सुविधा प्रवाहको सुनिश्चितता गर्ने ।
छ) वेरोजगार युवाहरुलाई सिपमूलक तालिम दिई रोजगारको अवसर सिर्जना गर्ने |
ज) सूचना तथा प्रविधिलाई प्रभावकारी र सेवामा आधारित बनाइने छ ।
झ) सदाचार र सुशासनलाई प्रभावकारी गर्दै लगिने छ ।
ञ) न्यायीक प्रक्रियालाई छिटो र सरल बनाइनेछ ।
ट) युवामैत्री बजेट विनियोजनलाई विशेष प्राथमिकतामा राखेकोछु |
ठ) प्रांगरिक एबं जैविक कृषि प्रणाली अवलम्बन गरिनेछ |
ड)योगदानमा आधारित सामाजिक सुरक्षा कोषको **;+rfngnfO{** निरन्तरता दिईनेछ |

**आयोजना छनौटको प्राथामिकीकरणलाई उपलब्धिमुलक बनाउनका लागि निम्नानुसारको विशिष्टिकृत क्षेत्रलाई पहिचानमा राखेको छु ।**

क) ग्रामिण क्षेत्रको आर्थिक विकास र गरिवी निवारणलाई प्रत्यक्ष योगदान दिने ।

ख) शिक्षा, स्वास्थ्य (विभिन्न रोग समेत), खा.पा. सरसफाई र सिंचाईमा लगानी गर्ने ।

ग) उत्पादनमुखी दिगो रोजगारी दिने ।

घ) ठूला क्रमागत वजेटहरुको हकमा (आवधिक योजना) वढिमा ३ वर्षमा प्रतिफल दिने ।

ङ) राजस्व परिचालन र आन्तरिक आयवृद्धिमा दिगो योगदान दिने ।

च) सेवा प्रवाह संस्थागत विकास सुशासनमा योगदान दिने ।

छ) स्थानिय स्रोत र साधन प्रविधिमा आधारित भई जन–सहभागितामा वृद्धि गर्ने ।

ज) लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव तथा भाइचारामा वृद्धि गर्ने ।

झ) दिगो विकास, वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा सहयोग गर्दै विपद पुर्व तयारी तथा प्रतिकार्यमा जोड दिईने छ ।

ञ) स्थान विशेषको सांस्कृतिक, धार्मिक र जातीयताको पहिचान एवं प्रर्वद्धन गर्ने ।

ट) सूचना प्रविधिलाई व्यवस्थित गर्दै अधिकतम कार्यान्वयन गरिने छ ।

ठ) गा.पा. तथा वार्डहरुबाट हुने सेवा प्रवाहहरुलाई गुणस्तरिय चुस्त, सहज एवम् सर्वशुलभ बनाउने ।

ड) गा.पा. को समग्र विकासको लागि सरकारी, सहकारी, गैर सरकारी, तथा निजी संघ संस्थाहरुसँग सहकार्य गर्दै अगाडि बढ्ने ।

**सभाअध्यक्षज्यू,**

अव म चालू आ.वको हाल सम्मको प्रगति विवरण पेश गर्दछु ।

चालू आ.व २०७८/७९ को मिति २०७९|०३|०९ सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यसप्रकार छ ।

| | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालू | ३३ करोड १७ लाख ४९ हजार ७ सय ९९ पैसा | २३ करोड ५७ लाख ११ हजार पाँच सय ५ पैसा | ७१.०५% |

| | | | |
|---|---|---|---|
| पुँजीगत | ३१ करोड ५ लाख ४४ हजार ७६ रुपयाँ | १३ करोड ६८ लाख ९ हजार ६ सय ४७ रुपयाँ | ४४.०५% |
| जम्मा | ६४ करोड २२ लाख ९३ हजार ८ सय ७५ रुपयाँ | ३७ करोड २५ लाख २१ हजार १ सय ५३ रुपयाँ | ५७.९९ % |

चालू आ.व २०७८|७९ को हाल सम्मको आन्तरिक आय र राजश्व बाँडफाडको प्रगति यस प्रकार छ |

| विवरण | ०७८/७९ को कूल अनुमानित आय | हाल सम्मको यथार्थ आम्दानी | प्रगति प्रतिशत (%) |
|---|---|---|---|
| आन्तरिक आय | २ करोड ३ लाख | १ करोड २५ लाख | ६२% |
| राजश्व बाँडफाड | ८ करोड ३४ लाख ९६ हजार ८ सय ७५ रुपयाँ | ७ करोड ३२ लाख ९५ हजार ३ सय ३३ रुपयाँ | ८८ % |
| कूल जम्मा | १० करोड ३७ लाख ९ हजार ८ सय ७५ रुपयाँ | ८ करोड ५७ लाख ९ हजार ३ सय ३३ रुपयाँ | ८३% |

गाउँसभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू,अतिथिज्यूहरु , गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु !

अव म यस आ.व०७९/८०को सङ्घीय सरकार ,प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, शसर्तअनुदान ,बिशेषअनुदान, समपुरक अनुदान, राजश्व र गत वर्षको मौज्दात रकमका आधारमा समग्र बजेट गरिमामय सभासमक्ष प्रस्तुत गर्न चाहन्छु |

तपशिलः

**आ.व ०७९/८० को लागि त्रिपुरासुन्दरी गाउँपालिकाको समग्र आयको प्रक्षेपण**

| *क्र.स* | *आयको स्रोत* | *वित्तीय समानीकरण (रु.)* | *सशर्त (रु.) हजार* | *राजश्व बांडफांडबाट प्राप्त हुने* | *समपुरक अनुदान* | *बिशेष अनुदान* | *जम्मा (रु.हजार मा)* |
|---|---|---|---|---|---|---|---|

| | | हजारमा | मा | (रु.) हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| १. | संघीय सरकार बाट प्राप्त | १४ करोड ४५ लाख | २१ करोड १७ लाख | ८करोड २० लाख ९२ हजार | २ करोड ७० लाख | १करोड १० लाख | ४७ करोड ६२लाख ९२ हजार |
| २. | प्रदेश सरकारबाट प्राप्त | १ करोड ४१ लाख ०४ हजार | २ करोड ५१लाख ६० हजार | १करोड ८१ लाख ३६ हजार | १ करोड | - | ६ करोड ७४ लाख |
| ३ | आन्तरिक स्रोत प्रक्षेपण | | | | | | २करोड १० लाख |
| ५. | जिल्ला समन्वय | | | | | | ३५ लाख |
| आ.व ०७८/७९ को नगद मौज्दात | | | | | | | ६करोड |
| | | | | | | **जम्मा आय (रु.)** | **६२ करोड ८१ लाख ९२ हजार** |

अव आ.व ०७९/८० का लागि तपसिल बमोजिमको बजेट विनियोजन गरिएको छु ।

| क्र.स | शिर्षक | बजेट(रु.हजारमा ) |
|---|---|---|
| १ | चालू | ६ करोड ५० लाख |
| २ | विपद व्यबस्थापन | ५० लाख |
| ३ | फर्निचर तथा फिक्चर्स | २५ लाख |
| ४ | मेशिनरी तथा औजार | २० लाख |
| ५ | आकस्मिक तथा राहत उद्दार कोष | २५ लाख |
| ६ | परामर्श सेवा | २५ लाख |
| ७ | शिक्षा तथा युवा विकास | २ करोड ५० लाख |
| ८ | कृषि विकास/पशु विकास | ७० लाख |

| | | |
|---|---|---|
| ९ | महिला विकास | ४० लाख |
| १० | स्वास्थ्य शाखा | ६० लाख |
| ११ | सूचना शाखा | ३० लाख |
| १२ | मेड्पा शाखा | १० लाख |
| १३ | धार्मिक पर्यटन पूर्वाधार विकास कार्यक्रम | ५० लाख |
| १४ | कभर्ड हल | ३५ लाख |
| १५ | वडागत योजना | ७ करोड |
| १६ | फोहोर व्यबस्थापन | ५ लाख |
| १७ | वृक्षरोपण | ५लाख |
| १८ | गाउँपालिका गार्डेन निर्माण | १५ लाख |
| १९ | सहिद वेपत्ता तथा द्वन्द पीडित परिवार आय आर्जन कार्यक्रम | २० लाख |
| २० | सहिद प्रतिष्ठान निर्माण | २० लाख |
| २१ | सहिद बेपत्ता तथा द्वन्द पीडितहरुको  जीवनी प्रकाशन | ५ लाख |
| २२ | रोजगार सेवा केन्द्र | ५ लाख |
| २३ | पंजीकरण शाखा | ३ लाख |
| २४. | समपुरक अनुदान | ४करोड २० लाख |
| जम्मा | | २५ करोड ३८ लाख |

**गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमका लागि रु. ८ करोड ६० लाख ३२ हजार**

- सम्माननित एघारौं गाउँसभामा आ.व. २०७९/८० को वजेट आय, व्याय, राजस्व अनुमान, अनुदान प्राप्ति, व्यय अनुमान वित्तिय व्यवस्थापनको अनुमान कार्यक्षेत्रगत व्यय अनुमान वार्षिक विकास कार्यक्रम शसर्त अनुदानको कार्यक्रम, समपुरक अनुदानको कार्यक्रम अनूसुचीहरुमा उल्लेख गरेको छु ।

- चालू आ.व ०७९/८० प्रक्षेपण गरिएको आन्तरिक राजश्व अनुसार संकलन हुन नसकेको यथार्थ स्वीकार गर्दै आगामी आ.वमाकर तिर्न अनिवार्य र स्वतस्पुरत् कर तिर्न आउने वातावरण सिर्जना गर्ने कुरामा बिशेष ध्यान दिइने छ | गाउँपालिकाको समग्र विकासमा गाउँपालिकाबासीको प्रयासबाट मात्र सम्भव भएकोले प्रस्तावित करहरु समयमा नै असुल गर्न सहयोग रहने नै छ भन्ने अपेक्षा गरेको छु |
- आगामी आ.व का लागि करका दायराहरुमा सामान्य हेरफेर गरिएको छ, साथै विगतका आ.वहरुमा दिईदै आएको अपांगता र विपदको सिफारिस तथा कडा रोगको सिफारिसमा दिएको राहत आगामी आ.वका लागि समेत निरन्तरता दिइएको छु |

**सभाध्यक्ष महोदय**,

वजेट निर्माणको क्रममा संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको तीन तहको सरकार मध्ये दोस्रोपटकको स्थानीय निर्वाचन प्रक्रिया पुरा गरी स्थानिय सरकारको रुपमा मैले यस गाउँपालिकामा ल्याएको यो कार्यकालको पहिलो वजेट हो । विगतका आ.वहरुमा ल्याईएको बजेट तथा नीति कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको लागि सम्पूर्ण सरोकारवाला आदरणिय त्रिपुरासुन्दरीवासीहरु आमा बुबा दाजुभाई तथा दिदिबहिनिहरुले जसरी सहयोग गर्नुभयो यसको लागि विशेष धन्यवाद दिदै यो आ.व.को वजेटलाई पनि अझै गुणस्तरियताका साथ कार्यान्वयन आवश्यक सुझाव दिई सहयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा गरेको छु । आगामी दिनहरुमा आदरणिय गाउँपालिकावासीहरुको रचनात्मक सुझाव, विकासमा समन्वयात्मक भूमिका निर्वाह गर्दै जनचाहना अनुरुप अगाडी वढ्ने प्रतिवद्धता प्रकट गर्दछु । सवैको साथ र सहयोगबाट समृद्ध र सक्षम त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गर्दै यसलाई नगर उन्मुख वनाउने हामी सवैको इच्छा पुरा गर्नको लागि सवैको सकारात्मक सोचका साथ अघि बढ्न सम्पूर्ण गाउँपालिकाकावासीलाई हार्दिक आव्हान गर्दछु ।विपद र नयाँ रोग एबं महामारीबाट बच्न आवश्यक सजकता अपनाउन समेत बिशेष आव्हान गर्दछु | त्यसै गरी राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी प्रभावितहरुलाई हाल उपलब्ध भएको ह्रासकट्टी कट्टा नगरी प्राप्त मुआव्जाको सहि सदुपयोग गर्दै भविष्यमा सम्पूर्ण प्रभावितहरुलई **<u>मुस्कान सहितको पुनर्बासको</u>** व्यबस्था गर्न यस गाउँपालिका प्रतिबद्धता व्यक्त गर्दछ|

- गाउँपालिकाको आन्तरिक आयमा सहयोग गरी प्रक्रृयागत रुपमा आ–आफ्नो व्यवसाय सञ्चालन गरी राजश्व वृद्धिमा सहयोग गर्नुहुने सम्पूर्ण उद्यमी व्यापारी तथा करदाताहरु धन्यवादको पात्र हुनुहुन्छ ।
- आगामी दिनहरुमा सम्पूर्ण आदरणिय गाउँपालिकावासीहरुको रचनात्मक, सुझाव, विभिन्न राजनीतिक दलहरुको विकासमा समन्वयात्मक भूमिका

खेल्दै जनचाहाना अनुरुप अगाडी वढ्दै यहाँहरुको सुख–दुखमा हात मिलाउँदै अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्दछु ।

अन्त्यमा, यस गाउँसभामा प्रस्तुत हुने बजेट निर्माणमा अहोरात्र खट्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत,लेखा अधिकृत,सूचना अधिकृत ,शाखा प्रमुखज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु एबं लगायत प्रत्येक्ष अप्रतक्ष्य रुपमा सहभागी भई सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद | गाउँपालिकावासीहरुको चाहना अनुरुप विकासमा तिव्रता दिँदै यहाँहरुको सुझावलाई शिरोधार्य गर्दै आफूलाई समाजसेवामा समर्पित गरी अघि बढ्ने वाचा गर्दछु ।सम्पूर्ण त्रिपुरासुन्दरी आदरणिय महानुभावहरुको सुख समृद्धिको कामना गर्दै यहाँहरुको व्यक्तिगत र सामाजिक जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नमस्कार/अभिभादन

जय त्रिपुरासुन्दरी !

धन्यबाद!

**उपाध्यक्ष**
**देवराज धरेल**
**त्रिपुरासुन्दरी गा.पा., धादिङ**
**२०७९/०३/१०**